कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ३६१०८२
दर्ता मिति: २०८२।०६।१४

# बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना: नेपालले बालबालिकाको अधिकार तथा हक हितको संरक्षण, संवर्धन, सम्मान, प्रवर्द्धन र परिपूर्तिका लागि अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय प्रतिवद्धता बमोजिम अवलम्बन गरेका संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि राज्यको लगानी सुनिश्चित गर्न,

बालबालिकाको सर्वोत्तम हितका लागि बाल अधिकारका महत्त्वपूर्ण पक्षहरूमा भएका लगानीको विश्लेषण एवम् एकीकृत लगानी तथा लगानीका क्षेत्रगत सवालहरूको लेखाजोखा गरेर आवधिक र वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन र प्रतिवेदनमा आधारित बाल उत्तरदायी बजेट विश्लेषण र सङ्केत बमोजिमको बजेट विनियोजन मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "उत्तरदायी" भन्नाले बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विषयगत मन्त्रालयले तर्जुमा गर्ने वार्षिक बजेट तथा कार्यक्रममा बाल संवेदनशीलता र बाल अधिकारको पक्ष समेट्ने दायित्व सम्वन्धी विषय सम्झनु पर्छ ।

ख) "बाल अधिकार" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद -२ को दफा ३ देखि दफा १५ सम्म व्यवस्था भएका अधिकार तथा अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिमका बालबालिकाका अधिकार सम्झनु पर्छ ।

ग) "बालबालिका उत्तरदायी बजेट सङ्केत" भन्नाले वार्षिक कार्यक्रम तथा बजेटमध्ये प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ रूपमा बालबालिकाको लागि बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकासमा योगदान पुऱ्याउने खालका कार्यक्रम, बजेटको स्थिति विश्लेषण तथा अंशभार इङ्गित गर्ने बाल बजेट सङ्केत सम्झनु पर्छ ।

घ) "बालबालिका उत्तरदायी बजेट" भन्नाले कुनै निश्चित अवधिका लागि राज्यलाई आवश्यक पर्ने कूल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा बालबालिकाको अधिकार तथा हक हितलाई



सचिव

केन्द्रमा राखेर उद्देश्यमूलक ढङ्गले योजनावद्ध रूपमा आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपयोग हुने गरी विनियोजन गरिने बजेट प्रणाली सम्झनु पर्छ।

ङ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

च) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम अनुदान वा नगद स्वरूप नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्र सङ्घीय निकाय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था समेतलाई सम्झनु पर्छ ।

छ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ज) "समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको बालबालिका उत्तरदायी बजेट समिति सम्झनु पर्छ।

झ) "हक हित" भन्नाले नेपालको संविधानको धारा ३९ लगायतका धाराहरूमा उल्लेखित बालबालिकाको मौलिक हकहरू सम्झनु पर्छ ।

## परिच्छेद -२

## उद्देश्य तथा सिद्धान्त

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) वार्षिक नीति तथा कार्यक्रम र बजेटमा बालबालिकाको अधिकार तथा सर्वोत्तम हितलाई कार्यान्वयन गर्न बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकासका लागि विनियोजित बजेटको एकीकृत अंशभारको पहिचान गर्नु,

(ख) बाल अधिकारको क्षेत्रमा भएका लगानीको विश्लेषण गरी बाल अधिकारको सम्मान, संरक्षण, प्रवर्धन तथा परिपूर्तिका लागि आन्तरिक एवम् वाह्य र द्विपक्षीय तथा बहुपक्षीय लगानी सुनिश्चित गर्नु,

(ग) बालबालिका उत्तरदायी बजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु।

४. सिद्धान्तः यस कार्यविधिको सिद्धान्त देहाय बमोजिम रहेको छः-

(क) प्रभावकारिताः बाल अधिकार सम्बन्धी कार्यहरूको कार्यान्वयनको अवस्था मापन पश्चात् विशेष प्राथमिकताका क्षेत्र तथा लक्षित बालबालिकाको पहिचान गरी बजेट विनियोजन तथा कार्यान्वयन गर्नुका साथै विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकारको संरक्षण सुनिश्चित गर्ने ।

(ख) सक्षमताः बालबालिकाको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति सम्बन्धी राज्यको दायित्व कार्यान्वयन गर्नेतर्फ बजेट केन्द्रित गरी बालबालिकाको लागि गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन तथा पारदर्शी वितरण र बालमैत्री सुशासनमा जोड दिने ।



सचिव

(ग) समताः बालबालिकाको निमित्त सार्वजनिक स्रोतको पहिचान, परिचालन तथा वितरण गर्दा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका विरुद्ध र बालबालिकाबीच हुने विभेद तथा असमानताको अन्त्य गर्ने ।

(घ) पारदर्शिताः बालबालिकाको निमित्त सार्वजनिक स्रोतको पहिचान, परिचालन तथा वितरण प्रक्रिया, बजेट विनियोजन तथा खर्च प्रक्रिया पारदर्शी बनाउने ।

(ङ) दिगोपनाः वर्तमान तथा भविष्यमा समेत बालबालिकाको अधिकारको संरक्षण तथा संवर्धन र सर्वोत्तम हित कायम हुने गरी बजेट निर्माण गर्ने र बाल अधिकार सुनिश्चितताका लागि तय गरिएका कानूनी तथा नीतिगत व्यवस्था, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

## परिच्छेद -३

## बालबालिका उत्तरदायी बजेट सङ्केतको सञ्चालन तथा व्यवस्थापन

५. <u>बालबालिका उत्तरदायी बजेट सङ्केतको सञ्चालनः</u> बालबालिका सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय वार्षिक कार्यक्रम तथा बजेटमा बालबालिकाको सर्वोत्तम हितका लागि बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकासका लागि विनियोजित बजेटको अंशभार पहिचान गरी लगानीको अवस्था विश्लेषण गर्न नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकाय एवम् स्थानीय तहले बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन गर्नु पर्नेछ। मन्त्रालयले स्थानीय तह र प्रदेशमा बालबालिका उत्तरदायी बजेट सङ्केत कार्यान्वयनको सम्बन्धमा आवश्यक मार्गदर्शन गर्न सक्नेछ।

६. <u>बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालनका आधारहरूः</u> बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालनका लागि देहायका आधारहरू प्रयोग गरिनेछन्ः-

(क) अर्थ मन्त्रालयको बजेट तर्जुमा दिग्दर्शन,

(ख) राष्ट्रिय योजना आयोगको मध्यमकालीन खर्च संरचनाको मार्गदर्शन,

(ग) अर्थ मन्त्रालयले विषयगत निकायहरूलाई जारी गर्ने बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन,

(घ) अर्थ मन्त्रालयबाट प्रदेश तथा स्थानीय तहमा पठाउने बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन,

(ङ) तीनै तहका सरकारले प्रयोग गर्ने बजेट व्यवस्थापन सम्बन्धी प्रणालीहरू जस्तैः मध्यमकालीन खर्च संरचना (MTEF), राष्ट्रिय आयोजना बैंक, मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA),

(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको व्यय अनुमानको विवरण (रातो किताब) ।

७. <u>बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालनका चरणः</u> बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालनका लागि देहायका चरणहरू अवलम्बन गरिनेछन्ः-



सचिव

(क) वालवालिका सम्बन्धी प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ कार्यक्रम सञ्चालन गर्ने विषयगत मन्त्रालय तथा निकायका कार्यक्रमहरूको पहिचान गर्ने,

(ख) खण्ड (क) बमोजिम पहिचान गरिएका कार्यक्रमहरूमध्ये बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूको सूची तयार गर्ने र सोको आधारमा बालबालिकालाई प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ रूपमा हुने लाभको आँकलन गर्ने,

(ग) प्रत्येक मन्त्रालय तथा निकायमा विनियोजित वजेटमध्ये बालबालिकासँग सम्वन्धित प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ रूपमा लाभ हुने कार्यक्रमहरू र वजेट रकमको लेखाजोखा गर्ने,

(घ) वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटमा बालबालिकासँग प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ हुने बजेटको अंशभारको पहिचान गर्ने ।

८. <u>बालबालिका उत्तरदायी बजेट सङ्केत जनाउने विधिः</u> (१) बालबालिका उत्तरदायी बजेट सङ्केत देहाय बमोजिम जनाइनेछ:-

(क) प्रत्यक्षः वालवालिका सिधै लाभान्वित हुने दफा १५ को उपदफा (१) र (२) बमोजिमका सूचकहरू लक्षित विनियोजित कार्यक्रम,

(ख) अप्रत्यक्षः वालवालिकासँग सम्वन्धित तर वालबालिकाले सिधै सेवा वा सुविधा पाउन नसक्ने दफा १५ को उपदफा (३) बमोजिमका कार्यक्रम,

(ग) तटस्थः वालवालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्वन्धित नहुने तर बालबालिकासँग सम्बन्धित विषयमा गरिने दफा १५ को उपदफा (४) बमोजिमका कार्यक्रमहरू ।

(२) उपदफा (१) वमोजिम वाल उत्तरदायी वजेट सङ्केत निर्धारण गर्दा देहाय बमोजिम गरिनेछ:-

(क) वालबालिकासँग सम्वन्धित कार्यक्रममा विनियोजित बजेट ८० प्रतिशत वा सोभन्दा बढी अंश वालबालिकालाई सिधै प्रदान गरिने तथा लाभ हुने छात्रवृत्ति, वाल पोषण भत्ता, नगद वा विविध किसिमका जिन्सीजस्ता सामान प्रदान गरिन्छ भने त्यसलाई बालबालिका पूर्ण लक्षित तथा प्रत्यक्ष कार्यक्रमको रूपमा वर्गीकृत गरी बजेट सङ्केत १ निर्धारण गरिनेछ ।

(ख) वालवालिकासँग सम्बन्धित कार्यक्रममा विनियोजित बजेटमध्ये ८० प्रतिशत भन्दा कम र २० प्रतिशत वा सो भन्दा वढी अंश वालवालिका सम्वन्धी कार्यका लागि खर्च हुने देखिन्छ भने त्यसलाई वालवालिका लक्षित अप्रत्यक्ष कार्यक्रमको रूपमा वर्गीकृत गरी वजेट सङ्केत २ निर्धारण गरिनेछ ।

(ग) वालवालिकासँग सम्वन्धित कार्यक्रममा विनियोजित वजेटमध्ये २० प्रतिशतभन्दा कम खर्च हुने देखिन्छ भने त्यसलाई वालवालिका तटस्थ कार्यक्रमको रूपमा वर्गीकृत गरी वजेट सङ्केत ३ निर्धारण गरिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "कार्यक्रम" भन्नाले बजेट उपशीर्षक, कम्पोनेन्ट, खर्च शीर्षक र क्रियाकलाप समेतलाई जनाउनेछ ।



सचिव

## परिच्छेद -४

## संस्थागत व्यवस्था

९. **बालबालिका उत्तरदायी बजेट सङ्केत व्यवस्थापन समिति:** बालबालिका उत्तरदायी बजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम एक बालबालिका उत्तरदायी बजेट समिति गठन गरिनेछ:-

(क) सह-सचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय -संयोजक

(ख) उपसचिव (बालबालिका सम्बन्धी विषय हेर्ने), राष्ट्रिय योजना आयोग -सदस्य

(ग) उपसचिव, बालसंरक्षण तथा विकास शाखा, मन्त्रालय -सदस्य

(घ) उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घीय मामिला विषय हेर्ने) -सदस्य

(ङ) उपसचिव (माध्यमिक शिक्षा हेर्ने) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(च) उपसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (नवजात शिशु, बालबालिकाको स्वास्थ्य एवं पोषण विषयगत क्षेत्र हेर्ने) -सदस्य

(छ) अधिकृत प्रतिनिधि, राष्ट्रिय बाल अधिकार परिषद् -सदस्य

(ज) समितिले तोकेको बालबालिकाको क्षेत्रमा काम गर्ने एवं बालबालिकाको क्षेत्रमा विज्ञता रहेको नागरिक समाजको प्रतिनिधि एक जना -सदस्य

(झ) उपसचिव, मन्त्रालय हेर्ने, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय -सदस्य-सचिव

१० **समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) बजेटलाई बालबालिका उत्तरदायी बनाउन विद्यमान बजेट प्रणालीमा गर्नुपर्ने सुधारका लागि अर्थ मन्त्रालयलाई सुझाव दिने,

(ख) बालबालिका उत्तरदायी बजेट एवम् कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि प्रत्येक मन्त्रालय तथा निकायमा बाल बजेट कोड सम्पर्क व्यक्ति तोक्न समन्वय गर्ने र सम्पर्क व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाउने,

(ग) सार्वजनिक खर्चको बाल अधिकारको दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गरी सोको नतिजा प्रकाशन गर्ने,

(घ) विकास साझेदारहरूसँग समन्वय गरी बाल अधिकारको दृष्टिले सहायताको प्रभावकारिता अभिवृद्धि गर्न पहल गर्ने,

(ङ) राष्ट्रिय विकासको परिप्रेक्ष्यमा सरकारी तथा गैर सरकारी क्षेत्रको बजेटले बालबालिकामा पार्ने प्रभावहरूको अध्ययन गर्न सहजीकरण गर्ने,



सचिव

(२) समितिको वैठक आवश्यकतानुसार वस्नेछ । समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे वमोजिम हुनेछ । आवश्यकता अनुसार समितिमा विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

११. <u>बालबालिका उत्तरदायी बजेट सङ्केत समन्वय समिति:</u> (१) दफा ९ वमोजिमको समितिलाई सघाउ पुर्‍याउन तथा वालवालिका उत्तरदायी बजेट सङ्केतको प्रभावकारी कार्यान्वयनमा समन्वय गर्न देहाय बमोजिमको एक वालवालिका उत्तरदायी बजेट समन्वय समिति गठन गरिनेछ:-

क) सह-सचिव, बालबालिका हेर्ने महाशाखा, मन्त्रालय -संयोजक

(ख) उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घीय मामिला विषय हेर्ने) -सदस्य

(ग) उपसचिव, बजेट तथा कार्यक्रम शाखा (मन्त्रालय हेर्ने) अर्थ मन्त्रालय -सदस्य

(घ) उपसचिव, (बालबालिका विषय हेर्ने) राष्ट्रिय योजना आयोग -सदस्य

(ङ) उपसचिव, (माध्यमिक शिक्षा हेर्ने) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(च) उपसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (नवजात शिशु, वालवालिकाको स्वास्थ्य एवं पोषण विषयगत क्षेत्र हेर्ने) -सदस्य

(छ) अधिकृत प्रतिनिधि, राष्ट्रिय वाल अधिकार परिषद् -सदस्य

(ज) समितिले तोकेको विषयगत विज्ञता सहितको नागरिक समाजको प्रतिनिधि एक जना -सदस्य

(झ) उपसचिव, वालसंरक्षण तथा विकास शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) वालवालिका उत्तरदायी वजेट सङ्केत समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-

(क) आवधिक योजना तथा वार्षिक कार्यक्रम र वजेटलाई वालवालिका उत्तरदायी वनाउन अवलम्वन गर्नुपर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरू राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा सुझावको रूपमा प्रस्तुत गर्ने,

(ख) वालवालिकाको अधिकार तथा हक हितको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्न समष्टिगत आर्थिक नीति तथा राष्ट्रिय विकास नीतिहरूवाट पर्न गएको असरहरूको नियमित विश्लेषण गर्ने,

(ग) वालवालिका उत्तरदायी वजेट सङ्केत सम्वन्धी जनचेतना अभिवृद्धि गर्न प्रचारप्रसार गर्ने तथा गराउने,

(घ) सार्वजनिक खर्चलाई वालवालिका उत्तरदायी वनाउन विषयगत मन्त्रालय तथा निकायहरूसँग समन्वय गर्ने,

(ङ) विकास साझेदार, गैरसरकारी संस्था, नागरिक समाज तथा निजी क्षेत्रका आर्थिक सामाजिक विकास सम्वन्धी नीतिलाई वालवालिका उत्तरदायी बनाउन समन्वय तथा सहजीकरण गर्ने,

(च) दफा ९ वमोजिमको समितिलाई वालवालिका उत्तरदायी वजेट संकेतको विश्लेषण तथा कार्यान्वयन गर्न सहयोग गर्ने ।



सचिव

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ । बैठकमा आवश्यकतानुसार विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

१२. प्रदेश बालबालिका उत्तरदायी बजेट सङ्केत सहजीकरण समिति: (१) बालवालिका उत्तरदायी वजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा सहजीकरणका लागि प्रत्येक प्रदेशमा बालबालिका विषय हेर्ने मन्त्रालयको सचिवको संयोजकत्वमा प्रदेश वालबालिका उत्तरदायी बजेट सङ्केत सहजीकरण समिति रहने छ।

(२) उपदफा (१) वमोजिमको समितिमा सम्वन्धित प्रदेशको बालबालिका विषय हेर्ने मन्त्रालयले तोके बमोजिमका सदस्य रहनेछन् ।

१३. स्थानीय बालबालिका उत्तरदायी बजेट सङ्केत सहजीकरण समिति: (१) बालवालिका उत्तरदायी बजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा सहजीकरणका लागि प्रत्येक स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा स्थानीय वालबालिका उत्तरदायी वजेट सङ्केत सहजीकरण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा सम्वन्धित स्थानीय तहको कार्यपालिकाले तोके बमोजिमका सदस्यहरू रहनेछन् ।

१४. बालबालिका उत्तरदायी बजेट सङ्केत सम्पर्क व्यक्ति: (१) वालवालिका उत्तरदायी वजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि प्रत्येक विषयगत मन्त्रालय तथा सङ्घीय सरकारका निकायहरू, प्रदेश सरकारका सबै मन्त्रालय र प्रत्येक स्थानीय तहमा एक/एक जना वालबालिका उत्तरदायी बजेट सम्पर्क व्यक्ति रहने छ ।

(२) उपदफा (१) वमोजिमका सम्पर्क व्यक्तिको क्षमता विकासका लागि मन्त्रालय र प्रदेश सरकारको वालवालिका हेर्ने मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

## परिच्छेद -५

## बालबालिका उत्तरदायी बजेट सङ्केत सूचक

१५. बालबालिका उत्तरदायी बजेट सङ्केत सूचक: (१) वालबालिका उत्तरदायी वजेट सङ्केत सञ्चालनका लागि देहाय वमोजिम वाल वचाउ, वाल संरक्षण, वाल विकास, वाल सहभागिता र संस्थागत विकास गरी पाँच समूहमा वर्गीकरण गरी देहायका सूचकहरूलाई शतप्रतिशत आधार मानी वर्गीकरण गरिने छः-

(क) वाल वचाउ सम्वन्धी सूचकहरू:

(१) गर्भवती महिलालाई प्रदान गरिने आइरन चक्की, खोप, प्रसुती सेवा

(२) भिटामिन 'ए', खोपहरू

(३) पोषण, उपचार र उपचार केन्द्रहरू स्थापना तथा सञ्चालन

(४) वालवालिकाका रोगहरूको उपचारमा दिइने अनुदान/बालवालिकाको बचाउका लागि HIV, ARV, PMTCT लगायतका लागि दिइने अनुदान

(५) वालवालिका लक्षित स्वास्थ्य सेवा

(६) पोषण अनुदान



सचिव

(७) स्तनपान कक्ष स्थापना तथा सञ्चालन

(८) वर्थिङ सेन्टर स्थापना तथा सञ्चालन

(ख) बाल संरक्षण सम्बन्धी सूचकहरू:

(१) जन्मदर्ता (सेवा)

(२) बाल श्रम (रोकथाम, उद्धार, राहत, पुनःस्थापना, पुनर्मिलन, मनोविमर्श, सचेतना, कारवाही)

(३) बालविवाह, बालबालिका विरुद्ध हिंसा, बाल यौन दुर्व्यवहार, परम्परागत हानिकारक अभ्यासहरूबाट बालबालिकालाई संरक्षण (रोकथाम, उद्धार, राहत, उपचार, मनोविमर्श, क्षमता विकास, पुनःस्थापना सेवा, कानूनी सहायता एवं कारवाही सम्बन्धी विषय)

(४) बाल संरक्षण प्रणालीको स्थापना र सोको प्रभावकारी कार्यान्वयन, नीति, योजना र कार्यक्रमहरू निर्माण प्रक्रियामा बाल संरक्षणका सवालहरूको प्राथमिकिकरण, बाल संरक्षण घटना व्यवस्थापन, बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीको स्थापना तथा सञ्चालन, बाल संरक्षणका विषयहरूको पहिचान तथा सम्बोधनका लागि नीतिगत समन्वय तथा कार्यान्वयन (सङ्घ, प्रदेश तथा स्थानीय तह)

(५) बालबालिका सम्बन्धी ऐनको दफा ४८ मा उल्लेख भए बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा व्यवस्थापन

(६) बालबालिका सम्बन्धी ऐनको दफा ४९ मा उल्लिखित वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह, संरक्षण तथा व्यवस्थापन, परिवारमा आधारित वैकल्पिक हेरचाह, संस्थागत हेरचाहबाट पारिवारिक वा सामाजिक पुनर्मिलनमा लैजाने कार्य, पर्याप्त अभिभावकीय हेरचाहबाट वञ्चित भएका बालबालिकालाई सहयोग

(७) सडक बालबालिका उद्धार, राहत, पुनःस्थापना, आश्रय तथा सडक बालबालिका अस्थायी संरक्षण सेवा प्रबन्ध (पुनःस्थापना केन्द्र, लागू औषध तथा उपचार केन्द्र र सामाजिकीकरण केन्द्र सञ्चालन तथा व्यवस्थापन), पारिवारिक सहयोग तथा आर्थिक सहयोग, स्वास्थ्य बीमा, परिवार पहिचान तथा पुनर्मिलन र सामाजिक पुनःस्थापना, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम, निगरानी, अनुगमन र सचेतना

(८) विपद् वा अन्य कारणले जोखिममा परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, संरक्षण, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनःस्थापना र सचेतना

(९) बाल संरक्षण (सुरक्षा) अनुदान

(१०) बाल सुधार गृह सञ्चालन तथा व्यवस्थापन

(११) पीडित बालबालिकाको संरक्षण, पुनःस्थापना, बालमैत्री न्याय, क्षतिपूर्ति र परिपुरण

(१२) अस्थायी संरक्षण केन्द्रहरू सञ्चालन तथा व्यवस्थापन

(१३) बाल संरक्षण सामाजिक कार्यकर्ता तथा मनोसामाजिक कार्यकर्ताको व्यवस्थापन, क्षमता अभिवृद्धि सुपरीवेक्षण, समकक्षता प्रदान तथा सेवा सञ्चालन र व्यवस्थापन



सचिव

(१४) वाल संरक्षण मापदण्ड निर्माण तथा कार्यान्वयन

(१५) वाल हेल्पलाईन सेवा १०९८ सञ्चालन तथा व्यवस्थापन

(१६) वालवालिका खोजतलास सेवा १०४ सञ्चालन तथा व्यवस्थापन

(१७) पुनःस्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन

(१८) बाल गृह सञ्चालन तथा व्यवस्थापन

(१९) निगरानी कक्ष सञ्चालन तथा व्यवस्थापन

(२०) अपाङ्गता भएका बालवालिकाको संरक्षण तथा व्यवस्थापन

(२१) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालवालिकाको संरक्षण तथा व्यवस्थापन

(ग) बाल विकास सम्बन्धी सूचकः

(१) प्रारम्भिक वालविकास केन्द्र/ शिशु स्याहार केन्द्र सञ्चालन तथा व्यवस्थापन र ती केन्द्रहरूमा वालवालिका लक्षित शैक्षिक, मनोरञ्जन, खेल सामग्रीहरू साथै केन्द्रको सजावट

(२) अपाङ्गता भएका वालवालिकाका लागि विकास सम्बन्धी गरिएको व्यवस्था

(३) विद्यालयहरूमा वालिकामैत्री समेत हुने गरी शौचालयहरू निर्माण

(४) विद्यालयमा वालमैत्री फर्निचर, शैक्षिक, खेलकुद र मनोरञ्जनका सामानहरू

(५) विद्यालयमा सञ्चालन हुने सह क्रियाकलापहरू

(६) कुहिने र नकुहिने फोहोर सङ्कलन गर्न विद्यालयमा दिइने अनुदान

(७) विद्यालयमा वाल संरक्षण मापदण्ड निर्माण र कार्यान्वयन

(८) विद्यालयमा वातावरण मैत्री योजना निर्माण र कार्यान्वयन

(९) छात्रवृत्ति अनुदान, प्रोत्साहन, पुरस्कार

(१०) विद्यालयमा सञ्चालन गरिने दिवा खाजा

(११) विद्यालयमा वालिकालाई वितरण गरिने महिनावारी स्वच्छता व्यवस्थापन सामग्री (स्यानिटरी प्याड, पुनः प्रयोग गर्न मिल्ने कपडाको प्याड, टेम्पोन, महिनावारी कप लगायतका सामग्री)

(१२) वाल विकास केन्द्र, आधारभूत तह र माध्यमिक तहसम्म कक्षा सञ्चालन गर्ने विद्यालयका भवन निर्माण, १८ वर्षसम्मका वालवालिकाले प्रयोग गर्ने विद्यालय, पुस्तकालय भवन र फर्निचर

(१३) माध्यमिक तहसम्म अध्यापन गराउने कार्यका लागि नियुक्ति गरिएका शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक र अन्य सेवा सुविधा

(१४) विद्यालय सुधार योजना, शिक्षकको क्षमता विकास तालिम

(घ) वाल सहभागिता सम्वन्धी सूचकः

(१) समुदाय र विद्यालयमा आधारित वाल क्लवहरू गठन र सञ्चालन

(२) वडास्तरीय वाल क्लव सञ्जालहरू गठन र सञ्चालन



सचिव

(३) स्थानीय तहस्तरीय बाल क्लब सञ्जालहरू गठन र सञ्चालन

(४) योजना तर्जुमाका लागि वडा र स्थानीय तहस्तरका बालभेला

(५) स्थानीय स्वास्थ्य समितिमा बालबालिकाको संस्थागत सहभागिता

(६) विद्यालय व्यवस्थापन समितिमा वालवालिकाको संस्थागत सहभागिता

(७) स्थानीय वाल अधिकार समिति र वडा बाल अधिकार समितिमा वालवालिकाको संस्थागत सहभागिता

(८) नीति, योजना र कार्यक्रमहरू निर्माण प्रक्रियामा बालबालिकाको संस्थागत सहभागिता

(९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा बालबालिकाको संस्थागत सहभागिता

(१०) वाल क्लव सहजकर्ताका रूपमा खटाइएका सहजकर्ताहरूको पारिश्रमिक तथा सेवा सुविधा

(११) वाल क्लबका भवन तथा कार्यकक्ष निर्माण

(१२) वालवालिकाको प्रतिभा प्रस्फुटन हुने सह क्रियाकलाप, खेलकुद, साहित्यिक, सांस्कृतिक, हिज्जे, वक्तृत्वकला तथा हाजिरी जवाफ प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन, प्रकाशन, प्रशारण

(ङ) संस्थागत विकास सम्वन्धी सूचक:

(१) वालवालिका सम्वन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय स्थिति प्रतिवेदन तथा स्थिति पत्र/वस्तुगत विवरण (प्रोफाइल) प्रकाशन

(२) विद्यालय बाहिर रहेका वालवालिकालाई गाउँपालिका तथा नगरपालिकाले प्रदान गर्ने व्यवसायिक, सीपमूलक तालिम सञ्चालन

(३) वाल अदालत, वाल इजलास, प्रहरी कार्यालय, अस्पताल, सरकारी तथा सार्वजनिक भवन आदिमा बालमैत्री कक्ष, निगरानी कक्ष, बालमैत्री सेवा सञ्चालन

(४) वसपार्क, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरूमा वालमैत्री शौचालय, खानेपानी

(५) विपद् मा बालवालिकालाई प्राथमिकता राखिएको योजना तथा कार्यक्रम

(६) वालवालिका सम्वन्धी ऐन, २०७५ को व्यवस्था अनुसारका तीनै तहमा रहने वाल अधिकार केन्द्रित संस्थागत संरचनाका कार्यक्रम

(७) संयुक्त राष्ट्रसङ्घीय वालअधिकार महासन्धि, मानव अधिकार सम्वन्धी विश्वव्यापी आवधिक समीक्षा, दिगो विकास लक्ष्य लगायतका वालवालिकासँग सम्वन्धित प्रतिवद्धताको कार्यान्वयनको अवस्था प्रतिवेदन, सुझाव कार्यान्वयन विश्लेषण लगायत कार्यान्वयनका लागि सञ्चालन गरिने कार्यक्रमहरू

(२) उपदफा (१) वमोजिमका सूचकलाई सघाउ पुऱ्याउनका लागि अनुसूची बमोजिमका नीति, रणनीति, योजना, गुरुयोजना, कार्यविधि र निर्देशिकामा उल्लेखित सूचक बमोजिमको उपलब्धि हासिल गर्न सञ्चालन गरिने बजेट तथा कार्यक्रम पनि प्रत्यक्ष उत्तरदायी सूचकका रूपमा रहनेछन्।



सचिव

(३) बालबालिकासँग सम्बन्धित तर बालबालिकाले सिधै सेवा सुविधाहरू प्राप्त गर्न नसक्ने खालका कार्यक्रमका साथै बालबालिकाकै लागि सेवा प्रवाह गर्नका लागि बनाइएका तर उपदफा (१) मा भएका व्यवस्था बाहेकका भौतिक पूर्वाधार तथा जनशक्ति जस्तैः राष्ट्रिय बाल अधिकार परिषद्को भवन र कर्मचारी, बाल अधिकार समितिको भवन एवम् फर्निचर र पञ्जिकाधिकारी तथा स्वास्थ्य स्वयंसेविका जस्ता कार्यक्रम अप्रत्यक्ष उत्तरदायी सूचकका रूपमा रहनेछन् ।

(४) बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित नहुने तर बालबालिकाले पनि सेवा लिन सक्ने उपदफा (१), (२) र (३) बमोजिमका कार्यक्रम बाहेकका कार्यक्रम तटस्थ सूचकका रूपमा रहनेछन् ।

## परिच्छेद -६

## विविध

१६. **वार्षिक प्रतिवेदनः** (१) प्रत्येक स्थानीय तहले आर्थिक वर्ष समाप्त भएको तीस दिन भित्र मन्त्रालयले तोके बमोजिमको गत आर्थिक वर्षमा बालबालिका बजेट सङ्केत अनुरूप भएको विनियोजन, लगानीको अवस्था विश्लेषण, खर्च तथा प्राप्त प्रतिफल एवं उपलब्धिहरूको मूल्याङ्कन सहितको प्रतिवेदन प्रदेश सरकारको बालबालिका विषय हेर्ने मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) प्रदेश सरकारको बालबालिका हेर्ने मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको पैतालीस दिन भित्र आफ्नो प्रदेश भित्रका स्थानीय तहबाट उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपश्चात् प्रदेश सरकारले गत आर्थिक वर्षमा प्रदेशभित्र बालबालिका बजेट सङ्केत अनुरूप भएको बजेट विनियोजन, लगानीको अवस्था विश्लेषण, खर्च तथा प्राप्त प्रतिफल एवं उपलब्धिहरूको प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सबै प्रदेश एवं स्थानीय तहबाट प्राप्त प्रतिवेदन र नेपाल सरकारका मन्त्रालय तथा निकायहरूले गत आर्थिक वर्षमा बालबालिका बजेट सङ्केत अनुरूप भएको तीनै तहको विनियोजन, लगानीको अवस्था विश्लेषण, खर्च तथा प्राप्त प्रतिफल एवं उपलब्धिहरूको मूल्याङ्कन सहितको राष्ट्रिय प्रतिवेदन सार्वजनिक गर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्रतिवेदनहरू तयार पार्न महालेखा नियन्त्रक कार्यालय, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयले आवश्यक सहयोग तथा सहजीकरण गर्नुपर्नेछ।

१७. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बालबालिका उत्तरदायी बजेट सङ्केतको सञ्चालन तथा व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, निकाय, संघ संस्थालाई बालबालिका उत्तरदायी बजेट समन्वय समितिको सिफारिसमा मन्त्रालयले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

१८. **म्यानुअल वा हाते पुस्तिका तयार गर्नेः** मन्त्रालयले नेपाल सरकारका विभिन्न मन्त्रालय र केन्द्रीय निकायको वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटमा बालबालिकासँग प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ हुने बजेटको अंशभारको पहिचान गरी बजेट इन्ट्रीमा सहयोग पुऱ्याउन म्यानुअल वा हाते पुस्तिका प्रकाशन गर्नेछ।



सचिव

# अनुसूची

(दफा १५ को उपदफा (२) सँग सम्वन्धित)

## नीति, रणनीति, योजना, गुरूयोजना, कार्यविधि र निर्देशिका

(१) राष्ट्रिय बालबालिका नीति, २०८०

(२) वालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२

(३) प्रारम्भिक वालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८

(४) वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

(५) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

(६) वालवालिका खोजतलास सेवा १०४ सञ्चालन निर्देशिका, २०७६

(७) सडक वालवालिका विशेष संरक्षण निर्देशिका, २०८२

(८) वालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९

(९) वालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७

(१०) वाल हेल्पलाइन १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६

(११) विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८

(१२) वहुक्षेत्रीय पोषण योजना-तेस्रो (२०८०/८१-२०८७/८८) का वालबालिका सम्बन्धी सूचकहरू हासिल गर्नका लागि सञ्चालन गरिने कार्यक्रमहरू

(१३) वालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५



सचिव